नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नुवाकोट

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
फ्याक्स नं : ०१०-५६००३३

इमेल : nuwakotcdo@gmail.com
वेवसाइट:daonuwakot.moha.gov.n

पत्र संख्या : ०७८/७९

मितिः २०७८।०६।१५

## जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट जारी आदेश

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्वन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णय र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०६/१५ गते राति १२:०० बजेबाट अर्को आदेश जारी नभएसम्मको लागि नुवाकोट जिल्लाभर लागू हुने गरी तपसिल बमोजिम गर्न/गराउन सबैको लागि अनुरोध छ।

तपसिलः-

१. शैक्षिक संस्थाहरूले भौतिक उपस्थितिमा पठन पाठन गर्नु/गराउनु पर्ने भएमा नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउनको प्रावधान भित्र रही स्थानीय तहहरूले जिल्ला जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी विद्यालयहरू सञ्चालनको निर्णय गर्न सक्ने।
२. विधान बमोजिम साधारण सभा नगरिनहुने प्रकृतिका संस्थाहरू मध्ये सीमित सदस्य संख्या भएका संस्थाको हकमा स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरी भौतिक उपस्थितिमा साधारण सभा/ अधिवेशन गर्न पाउने तथा धेरै सदस्य संख्या भएका संस्थाको हकमा अभिलेख स्पष्ट जनिने व्यवस्था मिलाई भर्चुअल वा भौतिक कुन माध्यमबाट गर्ने हो यकिन गरी जिल्ला प्रशासन कार्यालयको समन्वयमा गर्ने/गराउने।
३. अनावश्यक रुपमा मानिसहरू जम्मा हुने, भीडभाड गर्ने, सभा जुलुस गर्ने, जात्रा महोत्सव, भोज आदि नगर्ने/नगराउने।
४. यस अवधिमा पर्ने चाडपर्वहरू स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरी न्यूनतम सहभागितामा सकेसम्म घरमा नै बसेर मनाउने।
५. सर्वसाधारण व्यक्ति, समूह तथा संस्था लगायतका निकायहरूबाट आर्थिक, सामाजिक तथा व्यावसायिक गतिविधिहरू सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरेर मात्र गर्ने।
६. कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्क (Contact Tracing) मा परेका व्यक्तिहरूले नेपाल सरकारले निःशुल्क व्यवस्था गरेको एन्टिजेन तथा पी.सी.आर. परीक्षणका लागि सम्वन्धित स्थानीय तह, जिल्ला अस्पतालसँग सम्पर्क गरी परीक्षण गराउन, भीडभाडबाट बच्न तथा बचाउन सतर्क रही स्वास्थ्य मापदण्डको प्रभावकारी पालना गर्ने/गराउने।

कोभिड-१९ सम्बन्धी आदेशको प्रभावकारी पालना सम्बन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गरिनेछ। अनुगमनका क्रममा यस आदेशको अवज्ञा भएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ। संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि समयमा पुनरावलोकन गर्न सकिनेछ।

.............
(जीवनप्रसाद दुलाल)
प्रमुख जिल्ला अधिकारी